आज मिति २०७७ वैशाख ३० गते मंगलबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसी तपसिल बमोजिमको प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. खुम बहादुर के. सी. | जिन्सी शाखा प्रमुख |

प्रस्तावहरु

१.आगामी आ.ब. २०७७।०७८ को लागि योजना तर्जुमा सम्वन्धमा ।

२. स्वरोजगारमुलुक कृषि उत्पादन सम्बन्धमा ।

३. श्रम दिवस  मनाउने सम्बन्धमा ।
४. कृषि सेवाको दरबन्दी थप गर्ने सम्बन्धमा ।
५. विपन्न तथा असहाय नागरिक सिफारिस समिति गठन सम्बन्धमा ।
६. फोहर व्यवस्थापन सम्बन्धमा ।
७ सिचाई कुलो मर्मत सम्बन्धमा ।
८. खानेपानी निर्माण सम्बन्धमा ।
९. PRCC बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं १ :  प्रस्तावन नं १ मा छलफल गर्दा आगामी आ.ब. २०७७।०७८ को लागि बस्तीस्तीय र वडास्तरबाट कम लागतका तुलनातमक रुपमा बढि लाभ दिने किसिमका तपसिल बमोजिमका विषयगत योजनाहरु छनोट गरि मिति २०७७।०२।१० सम्म गर्ने निर्णय पारित गरियो ।

१. बहुबर्षीय र क्रमागत योजना
२. उद्यम तथा सहकारी उत्पादनका कार्यक्रम (रोजगारमुलक)
३. समपुरक र विशेष योजना
४. बजेट घाटा पुर्ती गर्न कटौति गरिएका र कोरोनाको कारण रोकिएका योजना
५. पुजीगत अनुसन्धान, सवारी साधन र इन्धन
६. विधुतीकरण
७. विषयगत योजना

निर्णय नं २ : प्रस्ताव नं २ मा छलफल गर्दा पालिका भित्रका निजी बाँझो जग्गा, सामुदायिक तथा सार्वजनिक बाँझो जग्गा र सामुदायिक वन भित्रको खाली भु- भाग उपयोग गर्ने गरि कार्यविधि बनाइ उपयोग गर्ने र त्यस्ता बाँझो जग्गा उत्पादन गरी स्वरोजगार गर्न चाहने युवालाई करारमा जग्गाको उपभोग गर्न दिनुको साथै  सिचाइ,मल,विउ/बेर्ना आदी प्याकेज सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ३ :  प्रस्ताव नं ३ मा छलफल  गर्दा श्रमलाई उत्पादनसंग जोडन र श्रम गर्नेलाई सम्भान र उत्प्रेरित गर्ने वातावरण सृजना गर्न / गराउन सबै जनप्रतिनिधि र कर्मचारीहरुले  प्रत्येक महिनाको १ गते

उत्पादनका क्षेत्र ( कृषि र पशुपालन) मा कामको नतिजा देखिने गरि ८ घन्टा काम गर्ने र उक्त दिन कार्यालयबाट प्रदान गरिने सेवा बन्द गर्ने निर्णय गरियो।

**निर्णय नं ४ :** प्रस्ताव नं ४ मा छलफल गर्दा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थानीय तहको लागि स्विकृति दरबन्दी तपसिल अनुसार रहेको र स्थानीय तहको आवश्यकताको आधारमा थप दरबन्दीको प्रस्ताव मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाउनको लागि हाल स्विकृत दरबन्दीमा थप दरबन्दी स्विकृतिको लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल

| | | | | **कृषि विकास शाखा** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | पद | तह | सेवा | समुह | उपस मुह | स्विकृत दरबन्दी | **थप प्रस्तावित दरबन्दी** | कैफियत |
| १ | अधिकृत | सातौ/आठौ | कृषि | समुहकृत नहुने | - | १ | ० | |
| २ | सहायक/ प्रा.स. | पाँचौ | कृषि | ,, | | २ | १ | अधिकृत छैठौ १जना भएको |
| ३ | सहायक / ना.प्रा.स. | चौथो | कृषि | ,, | | १ | ३ | |
| | जम्मा | | | | | ४ | ४ | |
| | | | | **पशु सेवा शाखा** | | | | |
| ४ | अधिकृत | सातौ | कृषि | ला.पो.एन्ड डे.डे. | | १ | ० | |
| ५ | सहायक/ प.से.प्रा. | पाँचौ | कृषि | ला.पो.एन्ड डे.डे. | - | १ | १ | |
| ६ | सहायक / प.स्वा.प्रा. | पाँचौ | कृषि | भेटेरीनरी | | १ | ० | |
| ७ | सहायक/ ना.प.से.प्रा. | चौथो | कृषि | ला.पो.एन्ड डे.डे. | | १ | १ | |
| ८ | सहायक / प.स्वा.प्रा. | चौथो | कृषि | भेटेरीनरी | - | १ | १ | |

उत्पादनका क्षेत्र ( कृषि र पशुपालन) मा कामको नतिजा देखिने गरि ८ घन्टा काम गर्ने र उक्त दिन कार्यालयबाट प्रदान गरिने सेवा बन्द गर्ने निर्णय गरियो।

निर्णय नं ४ : प्रस्ताव नं ४ मा छलफल गर्दा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थानीय तहको लागि स्विकृति दरबन्दी तपसिल अनुसार रहेको र स्थानीय तहको आवश्यकताको आधारमा थप दरबन्दीको प्रस्ताव मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाउनको लागि हाल स्विकृत दरबन्दीमा थप दरबन्दी स्विकृतिको लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल

| कृषि विकास शाखा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | पद | तह | सेवा | समुह | उपस मुह | स्विकृत दरबन्दी | थप प्रस्तावित दरबन्दी | कैफियत |
| १ | अधिकृत | सातौ/आठौ | कृषि | समुहकृत नहुने | - | १ | ० | |
| २ | सहायक/ प्रा.स. | पाँचौ | कृषि | ,, | | २ | १ | अधिकृत छैठौ १जना भएको |
| ३ | सहायक / ना.प्रा.स. | चौथो | कृषि | ,, | | १ | ३ | |
| | जम्मा | | | | | ४ | ४ | |
| | पशु सेवा शाखा | | | | | | | |
| ४ | अधिकृत | सातौ | कृषि | ला.पो.एन्ड डे.डे. | | १ | ० | |
| ५ | सहायक/ प.से.प्रा. | पाँचौ | कृषि | ला.पो.एन्ड डे.डे. | - | १ | १ | |
| ६ | सहायक / प.स्वा.प्रा. | पाँचौ | कृषि | भेटेरीनरी | | १ | ० | |
| ७ | सहायक/ ना.प.से.प्रा. | चौथो | कृषि | ला.पो.एन्ड डे.डे. | | १ | १ | |
| ८ | सहायक / प.स्वा.प्रा. | चौथो | कृषि | भेटेरीनरी | - | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | ५ | ३ | |

**निर्णय नं ५ :** प्रस्ताव नं ५ मा छलफल गर्दा असहाय तथा विपन्न नागरिक निर्देशिका २०७५ बमोजिम गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.को अध्यक्षतामा तपसिल अनुसार असहाय तथा विपन्न नागरिक सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. निमबहादुर के.सी. — अध्यक्ष
२. अमृत खडका — सदस्य
३. यज्ञबहादुर बस्नेत — सदस्य सचिव

**निर्णय नं ६:** प्रस्ताव नं. ६ मा छलफल गर्दा फोहर व्यवस्थापन नगर्दा बजार तथा गाउँ कुरुप हुन सक्ने र यस अघि बजारको फोहर व्यवस्थापको नाममा गैह्र कानुनी तरिकाले जलस्रोत ऐन २०४९ को दफा १९ बमोजिम खोला नदी जस्ता सार्वजनिक स्थान दार्माखोला झो.पु.मा थुपारिएको र यसरी थुपार्दा जलचर लगायत तटिय क्षेत्रका उपभोक्ताको हित विपरित हुने भएको हुदा फोहर फाल्ने जस्ता कार्यलाई पूर्ण निरुतसाहित गर्दै फोहर व्ववस्थापनको लागि डम्पीङ साइट निर्माणको लागि सम्भाव्य स्थानको सम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो

**निर्णय नं ७:** प्रस्ताव नं. ७ मा छलफल गर्दा दार्मा गाउँपालिका अन्तर्गत वडा नं.२, ३ र ५ छुयर जाने बाघखोर ढाकाडामकोट साङट फारुला तिमिलकाँडा सडक को स्तरोन्नतिको क्रममा वडा नं. ६ मा पर्ने साङट सिमलचौर झ्यारिबाङ सिचाई कुलोमा क्षति हुन गएको हुँदा उक्त सिचाई कुलोको दार्मा गाउँपालिकाको जे सि वि मेसिनबाट मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** प्रस्ताव नं. ८ मा छलफल गर्दा दार्मा गाउँपालिका वडा नं. ३ कालिगिरे लामजिलेमा खानेपानी अभाव हुदा कुमाख गाउँपालिका देखि कालिगिरे लामजिलेसम्म खानेपानी योजना निर्माणको लागि स्थलगत निरीक्षण गरि प्राविधिक ल.इ. को आधारमा आवश्यकता अनुसार पाइप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८ :** प्रस्ताव नं. ८ मा छलफल गर्दा मिति २०७७/०१/३० गतेको PRCC बैठकका निर्णयहरु सर्वसहमतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।